# प्रेस विज्ञप्ती - १५७
# Press Release-157

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर,काठमाडौं

मितिः-२०७३/०१/२१ गते ।

## ५०लाख रुपैया सहित अवैध लागूऔषध एम्फेटामाइन (ICE) कारबारी पक्राउ
## "OPERATION ICE"

लागू औषध नियन्त्रण ब्यूरोबाट खटिएको बिशेष प्रहरी टोलीद्वारा OPERATION ICE अन्तरगत लामो समय देखिको निग्रानी तथा अनुसन्धान पश्चात लागू औषध एम्फेटामाइन (ICE) मुद्दामा फरार प्रतिबादी पूर्ण बहादुर पाख्रिन तामाङ्ग मिति २०७३।०१।१७ गते १५:०० बजेको समयमा काठमण्डौ जिल्ला बुढानिलकण्ठ न.पा वडा नं १२ स्थित निलोपुलबाट पक्राउ गरिएको छ। निज पुर्ण जि. धादिङ सत्यदेवी -८ स्थायी ठेगाना भई हाल काठमाण्डौं र नुवाकोटको बिभिन्न स्थानहरुमा लुकिछिपी रहंदै आएका थिए।

निजले जिल्ला धादिङ्ग सत्यदेवी गा.वि.स.वडा नं.८ राकचोक घर भई का.जि.टोखा नगरपालिका वडा नं.१५ डेरा गरी बस्ने बर्ष २६ को राहदानी नं. ०७४१८१३७ वाहक नेत्र गुरुङ्ग र सोही ठेगानाका बर्ष २१ को राहदानी नं. ०८४३२९९ वाहक चित्र तामाङ्ग मार्फत थाईल्याण्डबाट ल्याउन लगाएको अबैध लागू औषध एम्फेटामाइन ३०२ ग्राम मिति २०७२।१२।३० गते निज नेत्र गुरुङ्गको साथबाट बच्चाको खेलौना, सुटकेशको डन्डी, क्रिमको डब्वाहरुमा लुकाई छिपाई राखिएको अवस्थामा लागू औषध नियन्त्रण ब्यूरोले फेला पारेको थियो।

अवैध लागू औषध एम्फेटामाइनको ओसार पसारमा थाईल्याण्ड, म्यानमार, फिलीपिन्स, नेपाल आदि देशका बिभिन्न गिरोहहरु सकृय रहेको सुचनाको अधारमा ब्यूरोले निरन्तर रुपमा सूचना संकलन एवम् लागू औषधको अबैध कारोवारमा कृयाशील समूहहरुको उच्च निगरानी गरी रहेको छ ।

### पूर्ण बहादुर पाख्रिन तामाङ्ग

- पूर्ण बहादुर पाख्रिन तामाङ्ग Thailand मा बसी Australia, Philippines, Myanmar लगायत पूर्वी एशियाली मुलुकहरुमा अवैध लागू औषध एम्फेटामाइन (ICE)को कारोवार बिस्तार गर्ने धर्म बहादुर तामाङ्गको सहोदर भाई हुन्। निज नेपालमा वसी धादिङ्ग, मकवानपुर, वारा आदि जिल्लाहरुका नेपाली नागरिकहरुलाई उक्त अवैध कारोवारमा आर्थिक प्रलोभन दिई थाईल्याण्ड पठाई अवैध लागू औषध एम्फेटामाइनको ओसार पसारमा संलग्न गराउने मुख्य ब्याक्ति हुन्। मिति २०७२।१२।३० गते पक्राउ परेका नेत्र गुरुङ्ग र चित्र तामाङ्गलाई समेत निज पूर्ण पाख्रिन तामाङ्गले नै Thailand जान टिकट र बाटो खर्चको प्रबन्ध गरेको निजहरुको बयानबाट समेत खुलेको छ।

- निज पुर्ण सन् 2003 मा Spain जान भनी एक म्यानपावर एजेन्ट मार्फत काठमाण्डौबाट Bangkok पुगे, त्यसपछी बैंककमा थाई केटी (NUSSARA) संग भेट भयो । २ महिनाको Thailand को Visa सकिएपछी नेपाल फर्के, उक्त थाईकेटीले Thailand मा वोलाएपछी 2003 मा पुन Thailand गए।

- Thailand गई उक्त थाई केटीसंग किराना पसल संचालन गरी बस्न थाले। 2004 को अन्तिममा Thai केटीबाट वच्चा भयो, त्यसपछी नियमित आउने जाने भयो। 2009 मा निज पुर्णलाई थाई प्रहरीले पक्राउ गरी लागूऔषध सेवन गरेको अभियोगमा मुद्दा दायर गर्यो जसमा ३ महिना जेलमा परी २०,००० baht जरीवाना तिरी नेपाल Deport भए। त्यस पछी Thailand नगई नेपालमा बस्दै दाजु धर्म पाख्रिनको नेटवर्कमा सलग्न रहंदै आएका।

- निज पुर्णले हालसम्म मिति २०७२।१२।३० गते यस ब्यूरोले पक्राउ गरेको नेत्र गुरुङ्ग, चित्र तामाङ लगायत अन्य ब्यक्तिहरुलाई समेत लागूऔषध ओसारपसारको लागि थाईल्याण्ड पठाएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। निजहरू माथि अनुसन्धान भईरहेको हुंदा नाम गोप्य राखिएको छ।

- निज पुर्णको सहोदार दाजु धर्म बहादुर तामाङ सन् 1999 मा थाईल्याण्डमा गएका हुन्। लागूऔषध ओसारपसारको लागि धर्मले भने बमोजिम पुर्णले नेपालबाट बिभिन्न ब्यक्तिहरु थाईल्याण्ड पठाउदै आएका थिए।

- थाईल्याण्डमा रहंदा निज पुर्णले धर्मको आर्थिक कारोवार समेत हेर्ने गरेका थिए, निज पुर्णले आफ्नो थाई श्रीमती मार्फत धर्मको लागि एक पटकमा ४०-५० लाख भाटसम्म बिभिन्न बैकहरुमा transfer गर्दैथे। सो वाफत केही रकम पाउने गर्थे।

- हाल पक्राउ भई आएका ***पुर्ण बहादुर पाख्रिन तामाङ***ले यस ब्यूरोमा अनुसन्धान भईरहेको आफ्नो मुद्दा मिलाउनको लागि मुद्दाका सम्बद्ध पक्षहरुलाई ***रु. ५०,००,०००। (पचास लाख रुपैया)*** दिन (हाल अनुसन्धान र सुरक्षाको कारणले नाम गोप्य राखिएको) एक ब्यक्तिलाई प्रयोग गरेका थिए। ब्यूरोले गरेको अनुसन्धानबाट निज ब्यक्तिमाथि निग्रानी र सोधपुछ पश्चात निज स्वयंले मिति २०७३ बैशाख ९ गते रु ४९,००,००० (उनान्पचास लाख) रुपैया यस ब्यूरोमा दाखिला गरेका हुन्। उक्त रकम मध्यको रु १,००,००० (एकलाख रुपैया) एक बित्तीय संस्थामा रहेकोले सो रकम तत्कालै रोक्का गरिएको छ। पहिले देखि नै पुर्णसंग आर्थिक कारोबार भएका निज ब्यक्तिको ब्यक्तिगत सुरक्षालाई मध्यनजर गरी निजको नाम समेत गोप्य राखिएको छ।

- निजको आर्थिक कारोबारहरु माथि समेत यस ब्यूरोले अनुसन्धान गरीरहेको छ। अवैध लागू औषध एम्फेटामाइन मुद्दाको सम्बन्धमा सम्बन्धित देशका लागू औषध कानून कार्यान्वयन निकायहरुसँग समेत आवश्यक समन्वय तथा सहकार्य गरी यस ब्यूरोबाट थप अनुसन्धानको भईरहेको छ।

• • •






प्रतिवादी पूर्ण वहादुर पाख्रिन तामाङ
मुद्दाः- ला.औ. एम्फेटामाईन


प्रतिवादी पूर्ण वहादुर पाख्रिन तामाङ
मुद्दाः- ला.औ. एम्फेटामाईन